# खप्तडछान्ना गाउँपालिका
# गाउँकार्यपालिकाको कार्यालय
पसलबगर, बझाङ
सुदूरपश्चिम प्रदेश, नेपाल

## सेवा करारमा पदपूर्ति सम्बन्धी सूचना

(प्रथम पटक प्रकाशित मितिः २०८२/१२/०१)

खप्तडछान्ना गाउँपालिका/जलवायु परिवर्तन स्थानीय अनुकूलन (लक) परियोजना अन्तर्गत सन्चालन हुने क्रियाकलापहरु कृषि, वन व्यवस्थापन, जलवायु विपद व्यवस्थापन, जीविकोपार्जन, खानेपानी सरसफाइ तथा स्वच्छता, सिचाइ पूर्वाधार निर्माण तथा सामाजिक परिचालन आदि सम्वन्धी कार्यहरुमा सहजीकरण गर्न गाउँपालिका परियोजना कार्यान्वयन एकाई अन्तर्गतका निम्न पदहरूका लागि तपसिलको योग्यता पुगेका ईच्छुक नेपाली नागरिकहरुबाट रित पूर्वक तपसिल बमोजिमका कागजातहरू संलग्न गरी यस गाउँपालिका पेश गर्न हुन यो सूचना प्रकाशित गरिएको छ।

वैयक्तिक विवरण साथ संलग्न गर्नु पर्ने कागजातहरूः

- तोकिएको ढाँचामा तयार गरिएको वैयक्तिक विवरण (आवेदकको हस्ताक्षर सहित)
- शैक्षिक प्रमाणपत्रहरू, तालिम प्रमाणपत्रहरू तथा कार्यअनुभव प्रमाणपत्रहरूको प्रतिलिपि
- दरखास्त दस्तुर बापतको रकम बैंक दाखिला गरी सो को सक्कल भौचर

तपसिलः

**क) आवश्यक पदहरू र न्यूनतम योग्यताः**

| वि.नं. | पद | तह/संख्या | कार्यस्थल | न्युनतम शैक्षीक योग्यता तथा कार्य अनुभव |
|---|---|---|---|---|
| ०१-०८२/८३ | जलवायु परिवर्तन स्थानीय अनुकूलन (लक) परियोजना अधिकृत | अधिकृत छैटौ तह / १ जना | गाउँकार्यपालिकाको कार्यालय | मान्यता प्राप्त शिक्षण संस्थाबाट सम्वन्धित विषयमा स्नातक तह उतीर्ण गरी खानेपानी सरसफाइ स्वच्छता, प्राकृतिक स्रोत व्यवस्थापन, योजना तर्जुमा, जीविकोपार्जन आदि क्षेत्रमा न्यूनतम पाँच वर्षको अनुभव प्राप्त। |
| ०२-०८२/८३ | असिस्टेन्ट सव इन्जिनियर/जलस्रोत प्राविधिक | सहायक चौथो तह / केहि | वडा कार्यालय वा योजना क्षेत्र | सिभिल इन्जिनियरिङ विषयमा प्राविधिक एस. इ. इ./एस. एल. सी. वा मान्यता प्राप्त संस्था/परियोजनाबाट कम्तिमा ३० दिने खापासटे तालिम प्राप्त। खानेपानी सरसफाइ स्वच्छता, सिँचाइ, बहुउपयोगी योजना, कृषि, |

# खप्तडछान्ना गाउँपालिका
# गाउँकार्यपालिकाको कार्यालय

पसलबगर, बझाङ्ग
सुदूरपश्चिम प्रदेश नेपाल

| वि.नं. | पद | तह/संख्या | कार्यस्थल | न्युनतम शैक्षीक योग्यता तथा कार्य अनुभव |
|---|---|---|---|---|
| | | | | बायोइन्जिनियरिङ्ग वा अन्य सम्बन्धित पूर्वाधार निर्माणको कार्यान्वयनमा कम्तिमा दुई वर्षको अनुभव। |
| ०३-०८२/८३ | सामाजिक परिचालक | सहायक चौथो तह / १ जना | वडा कार्यालय वा योजना क्षेत्र | एस. ई. ई./एस. एल. सी. वा सो सरह । खानेपानी सरसफाइ स्वच्छता, प्राकृतिक स्रोत व्यवस्थापन, कृषि, जीविकोपार्जन क्षेत्रमा क्षमता विकास, सामाजिक परिचालन, योजना तर्जुमा आदिमा कम्तिमा दुई वर्षको अनुभव। |

नोटः तह/संख्या महलमा केहि उल्लेख भएको पदको हकमा बजेटको सुनिश्चितता र परियोजनाको आवश्यकताका आधारमा पहिचान गरिनेछ।

**ख) अन्य विवरणः**

- यो सूचना प्रथम पटक प्रकाशित भएको मितिदेखि १५ (पन्ध्र) दिनभित्र वैयक्तिक विवरण खप्तडछान्ना गाउँपालिका कार्यालय, पसलबगर बझाङमा कार्यालय समयभित्र बुझाउनुपर्नेछ । दरखास्त दिने अन्तिम दिन सार्वजनिक बिदा पर्न गएमा त्यसको लगत्तै कार्यालय खुलेको पहिलो दिनको कार्यालय समय भित्र दरखास्त पेश गर्नु पर्नेछ।
- विदेशी विश्वविद्यालय, विद्यालय वा शैक्षिक संस्थानबाट जारी गरिएको शैक्षिक प्रमाणपत्र भएका आवेदकहरूले नेपालको आधिकारिक संस्थाबाट समकक्षताको प्रमाणपत्र पेश गर्नुपर्नेछ। आवश्यक समकक्षता प्रमाणपत्र बिनाका आवेदनहरू स्वीकार गरिने छैनन्।
- कर्मचारीहरू परियोजना कार्य अवधिको एक वर्षे कार्यसम्पादनमा आधारित सेवा करारमा (कार्यसम्पादन मूल्यांकनको आधारमा नविकरण हुनेगरी) नियुक्त गरिनेछन् ।
- स्थानीय व्यक्तिहरू लगायत महिला, दलित तथा पछाडी परेका जातिय समुदायका आवेदकहरूलाई प्राथमिकता दिइनेछ ।
- विज्ञापन प्रकृयामा प्राप्त भएका आवेदनहरूलाई गाउँकार्यपालिकाले कुनै कारण खुलाई वा नखुलाई पूर्णरूपमा वा आंशिक रूपमा स्वीकार वा अस्वीकार गर्न सक्नेछ ।

# खप्तडछान्ना गाउँपालिका
# गाउँकार्यपालिकाको कार्यालय

पसलबगर, बझाङ्ग
सुदूरपश्चिम प्रदेश नेपाल

- छोटो सूचीमा परेका उम्मेदवारहरूको लागि लिखित परीक्षाको तालिका गाउँपालिकाको सूचना पाटीमा प्रकाशित गरिनेछ । लिखित परीक्षा तथा अन्तर्वार्ता दुवै सञ्चालन गरिनेछ ।
- विज्ञापनका प्रत्येक पदको सेवा सर्तहरु (ToR) र वैयक्तिक विवरण (CV) ढाँचा हेर्न गाउँपालिकाको वेभ पेज www.khaptadchhannamun.gov.np तथा परियोजना सहयोग एकाईको वेभ पेज www.laccp.org.np बाट प्राप्त गर्न सकिनेछ । तोकिएको ढाँचाबाहेक अन्य ढाँचामा पेश गरिएको वैयक्तिक विवरण (CV) स्वीकार गरिने छैन ।
- दरखास्त दस्तुरः- अधिकृतस्तर छैटौ तहको लागि रु. १५००/-(अक्षेरुपी एक हजार पाँच सय मात्र) र सहायक स्तर चौथो तहको लागि रु. ८००/-(अक्षेरुपी आठ सय मात्र) । दरखास्त दस्तुर खप्तडछान्ना गाउँपालिकाको प्राईम कमार्सिअल बैंक लिमिटेड, खप्तडछान्ना शाखामा रहेको ग.१.१ खप्तडछान्ना गाउपालिका आन्तरिक राजश्व खाता नं. ०७६०१००००००२५९००१४१ मा बैंक दाखिला गरी सोको सक्कल भौचर वा राजश्व शाखा सुत्रमा जम्मा भएको सिर्जित सक्कल भौचर आवेदनका साथ अनिवार्य रुपमा पेश गर्नुपर्ने छ ।

प्रमुख प्रशासकीय अधिकृत

२०८१/५/१९

विजय प्रकाश गिरी
प्रमुख प्रशासकीय अधिकृत